# कपुरकोट गाउँपालिकाको

# वार्षिक बजेट तथा कार्यक्रम

## आ.व. २०८०/०८१

प्रमाणिकरण मिति : २०८०।०३।१९

कपुरकोट गाउँपालिका, सल्यान
कर्णाली प्रदेश, नेपाल ।

कपुरकोट गाउँपालिकाको १३ औँ गाउँसभामा गाँउपालिका उपाध्यक्ष एवंबजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री प्रकाश भरारीले पेश गर्नुभएको आ.व.२०८०/०८१ को वार्षिक बजेट कार्यक्रम

गाउँसभाका अध्यक्षज्यु,
गाउँसभाका सचिव तथा **सम्पुर्ण** सदस्यहरु,
सबै कर्मचारीहरु,
संचारकर्मी तथा पत्रकारहरु,

कपुरकोट गाउँपालिकाको उपाध्यक्ष एवंबजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आ.व. २०८०।०८१ को बार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मैले अत्यन्तै गौरवको महसुस गरेको छु ।यस अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय हित, संघीय लोकतान्त्रीक गणतन्त्र, समानता, समावेशीता, सामाजिक न्याय सहितको शासन व्यवस्था स्थापनाको लागि दश वर्षे जनयुद्ध लगाएत विभिन्न कालखण्डमा भएका आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । घाईते योद्धा तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान तथा सहानुभुति प्रकट गर्दछु ।
कपुरकोट गाउँपालिकाका सचेत, स्वावलम्बी र अग्रगमनका पक्षधर नागरिकहरुको अमुल्य मतद्धारा निर्वाचित जनप्रतिनिधीको नाताले जनअपेक्षा अनुरुपको शासन सञ्चालन र समग्र कपुरकोट गाउँपालिकाको विकासका लागि माग र आवश्यकताको आधारमा बजेट तर्जुमा गर्ने कोशिस गरेको छु । गाउँपालिकाको पन्चवर्षिय आवधिक योजना तथा मध्यकालिन खर्चसंरचनाको परिधीमा रहेर योजनाबद्ध र दिगो पूर्वाधारको विकास गर्दै आर्थिक सामाजिक रुपान्तरण सहितको स्वस्थ, सभ्य र सु-संस्कृत समाजको निर्माण गर्नु यस बजेटको लक्ष्य रहेको छ । संविधानले निर्देश गरेको समाजवाद उन्मुख स्वावलम्बी र आत्मनिर्भर अर्थ व्यवस्थाको आधार निर्माण गर्नु आजको आवश्यकता हो । त्यसका लागि गरिव, विपन्न, विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिंग र समुदाय लगायत सबै नागरिकहरुको विकास एवं संमृद्धीको आकांक्षा सम्बोधन गर्नका लागि बजेट केन्द्रीत गरेको छु ।संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकासको लक्ष्यहरु, राजनीतिक दलका प्रतिवद्धताहरु, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकार र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन, संघीय सरकारको १५ औँ योजना, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु र सो बाट सृजित दायित्व, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, सम्पूर्ण गाउँसभा सदस्यहरु, राजनीतिक दल, विषयगत शाखा, नीजि क्षेत्र, संचारकर्मी र नागरिक समाजबाट प्राप्त राय सुझावहरुलाई समेटेर यो बजेट तर्जुमा गरिएको छ । चालु आ.व. मा कपुरकोट गाउँपालिकाको पन्चवर्षिय विकास मोडेलको जग बसाल्न र आत्मनिर्भर **"एकिकृत कृषि विकास कार्यक्रम"** लागु गरी कृषि क्षेत्रको व्यवसायीकरण, विविधिकरण, उत्पादन र उत्पादकत्वमा वृद्धि र वेरोजगार युवाहरुलाई कृषि पेशामा आकर्षण, ग्रामिण विद्युतिकरण द्वारा उज्यालो कपुरकोट गाउँपालिकाको निर्माणको अभियान तिब्ररुपमा अगाडी बढीरहेको छ भनि घोषणा गर्दा गौरव महसुस हुन्छ ।यसै आर्थिक वर्षमा उज्यालो कपुरकोट अभियानले सार्थकता पाउनेगरि नीति कार्याक्रम तथा बजेट व्यवस्थापन गरि काम सुरु भईसकेको छ । प्रत्येक घरधुरीलाई स्वच्छ पिउने पानीको व्यवस्था, गुणस्तरिय शिक्षा र स्वास्थ्यको पहुँच प्रत्येक नागरिक समक्ष पुर्याउने

यस बजेटका मुख्य उद्देश्यहरु रहेका छन् ।गत विगत देखि गरीव विपन्न सिमान्तकृत आयआर्जन विहिन नागरिकहरुलाई सुरक्षित आवासको प्रत्याभुती दिलाउने र खरको छाना मुक्त गरि जस्ताको छानामुनि सबैलाई ल्याउने कार्यक्रम सुरुवात भएकोमा यस वर्ष भित्र खरको छानामुक्त अभियानलाई पूर्णरुपमा सफल पार्न आवश्यक बजेट व्यवस्था गरेको छु । बजेटका थप उद्देश्य र प्राथमिकताहरुमा रोजगारमूलक योजना तथा कार्यक्रम कार्यान्वयन गरी गाउँपालिकामा नै रोजगारीको अवसर सिर्जना गर्ने, गाउँपालिका तथा वडा कार्यालयहरुको व्यवस्थापन, जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाई सुशासनको प्रत्याभुती गराउने, वातावरणमैत्री, बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनमा ल्याउने, ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्द्धनमा जोड दिने, यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गर्ने रहेका छन् ।

कपुरकोट गाउँपालिकाका आम नागरिकहरुको विकास र सकारात्मक परिवर्तन प्रतिको चाहनालाई पूरा गर्दै अभिभारा बोकेर जनप्रतिनिधिको रुपमा आईसके पश्चात आफूले प्राप्त गरेको जिम्मेवारी कुशलतापूर्वक पूरा गरेको यो ऐतिहासिक अवसरमा म सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु, सरोकारवाला बौद्धिक व्यक्तित्वहरु र समस्त कपुरकोट गाउँपालिकाका नागरिकहरु प्रति धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु । यस आ.व.को एक वर्षे अनुभवलाई आत्मसात गर्दै आगामी आ.व.हरुमा अझै जनपक्षीय, जनउत्तरदायी तथा विकास र परिवर्तनको चाहना पूरा गराउन आफ्नो सबै विवेक र बलबुता प्रयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

गाउँसभाका अध्यक्षज्यू,
गाउँसभाका सचिव तथा सम्पुर्ण सदस्यहरु,

१. अब म चालु आ.व.का मुख्य परिसुचकहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ❖ गाउँपालिकावाट आ.व. २०७९।०८० को स्विकृत कार्यक्रम अनुसार कुल योजनाहरु ११७ मध्ये ठेक्का ६ वटा गरी १२० योजनाहरु सम्झौता भई काम सम्पन्न भईसकेका छन ।
- ❖ विषयगत शाखाहरु स्वास्थ्य शाखा, कृषि विकास शाखा, पशुपंक्षी विकास शाखा, शिक्षा शाखा तर्फ विनियोजन भएका कार्यक्रमहरु मध्ये आधा भन्दा बढी सम्पन्न भईसकेका तथा केही अन्य कार्यक्रमहरु सम्पन्न हुने अवस्थामा छन ।
- ❖ संघीय सरकार, प्रदेश सरकार र दातृ निकायवाट अनुदान प्राप्त कार्यक्रम तथा भौतिक पूर्वाधारका सम्पूर्ण कार्यक्रमहरु सम्पन्न हुने चरणमा रहेका छन ।
- ❖ एकिकृत कृषि विकास कार्यक्रमको बलियो जग तयार पार्न गाउँपालिका तथा सम्पूर्ण दातृ निकायसँग सहकार्य गरी करिब ४ करोड रुपैया बराबरको साझेदारी कृषि विकास कार्यक्रम सम्पन्न गरिएको छ ।
- ❖ बेमौसमी गुणस्तरीय तरकारीको उत्पादन र बिक्रि प्रवर्ध्सनको सुनिश्चितता गरी तरकारीमा कपुरकोट ब्राण्ड स्थापित गर्नका लागि गृहकार्य अगाडी बढाईएको छ । यो अभियानमा संघीय कृषि मन्त्रालय, कर्णाली प्रदेश कृषि मन्त्रालय, संघ तथा प्रदेशका ससर्त कृषि कार्यक्रम तथा परियोजना, साझेदार गै.स.स. र सल्यान जिल्ला एवम् आसपासका स्थानीय तह प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्षज्यूहरुको साथ र सहयोग रहने प्रतिवद्धता प्राप्त भएको छ ।

- चालु आ.व. देखिनै खुला हाटबजार विविधिकरणका लागि बगाले बिसाउनीमा खुला हाटबजारको शुरुवात गरिएको छ ।
- उत्कृष्ट कृषकहरुलाई सम्मान र पुरस्कृत गर्ने कार्यको शुरुवात गरिएको छ ।
- चालु वर्षमा मात्रै एकिकृत कृषि विकासका लागि करिब १ करोड लागतमा सानाठूला १३ वटा कृषि उपज संकलन केन्द्र र १० वटा सानाठूला सिँचाईकुलो/संकलन पोखरी निर्माण गरिएको छ ।
- उज्यालो कपुरकोट अभियानलाई सार्थक तुल्याउनका लागि कपुरकोट गाउँपालिका र नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा पहिलो चरणमा ७ करोड र दोस्रो चरणमा ५ करोड रुपैयाको सुनिश्चित गरी ७ करोड रुपैयाको कार्यसञ्चालन अगाडी बढाईएको छ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गतका विपन्न घरधुरीहरुलाई खरको छानामुक्त गर्ने अभियानलाई तिव्र बनाईएको छ ।
- १ नं. वडा कार्यालय, भवानी मा.वि. छायानाँथ चारकोठे भवन, जिवन ज्योति नमुना मा.वि. रिमको आठकोठे भवन, आधारभूत विद्यालय दहवनको दुईकोठे भवन, आधारभूत विद्यालय डाँग्री र ढाँरको विद्यालय तला थप निर्माण कार्य सम्पन्न भएको छ ।
- वडा नं. ४ को कार्यालय भवन निर्माण कार्य ७५ प्रतिशत सम्पन्न भएको छ ।
- कपुरकोट सातबास सडक तथा खाली र्यादले सडकको ठेक्का सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ ।
- गोठिवन धन्ठाना लिफ्ट खानेपानी योजनाको निर्माण कार्य तिव्र रुपमा अगाडी बढेको र अबको १० दिन भित्र सम्पन्न हुने चरणमा पुगेको छ ।
- सोलार लिफ्ट खानेपानी योजना अन्तर्गत विभिन्न लिफ्टीङ आयोजनाहरुका बिग्रिएका मोटरहरु मर्मत सम्भार तथा खरिद गरी सुचारु गरिएको छ ।
- सारपानी लिफ्ट खानेपानी योजना सम्पन्न भएको छ ।
- सडक बोर्डसँगको साझेदारीमा सल्लाम पहिरो नियन्त्रणमा विनियोजित बजेटबाट गर्ने कार्य सम्पन्न भएको छ भने जलवाङ सडकखण्डको स्तरोन्नति कार्य शुरु गरिएको छ ।
- चालु आ.व.मा पालिकाभित्रका सबै महत्वपूर्ण सडकहरु बाह्रैमहिना सञ्चालन हुने हालतमा राखिएको छ भने करिब १५ सय मिटर सडकमा स्ल्याप ढलान गरिएको छ ।
- स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवालाई गुणस्तरीय बनाउन हरसम्भव प्रयास गरिएको छ । वडा नं. १ र वडा नं. ४ मा बर्थिङ सेन्टरको स्थापना गरिएको छ भने वडा नं. ३ र वडा नं. ५ मा ओ.टि.सी. सेन्टर स्थापना गरिएको छ । स्थापित बर्थिङ सेन्टर, ओ.टि.सी. सेन्टर, गाउँघर क्लिनिकलाई जनशक्तिसहित सुविधासम्पन्न बनाईएको छ ।
- प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम सबै वडाहरुमा संचालन भै लक्षित वेरोजगार नागरिकहरुले १०० दिन सम्मको रोजगारी प्राप्त गरेका छन् भने चालु वर्षका सबै कार्यक्रमहरु साझेदारीमा सञ्चालित भएकोले दिर्घकालीन महत्वका निर्माण कार्य सम्पन्न भएका छन् ।
- गाउँपालिकामा आवश्यक ठुला मुख्य योजनाहरु (सडक, खानेपानी, भवन, खेलमैदान, पर्यटकिय स्थल ) योजनाहरुको डि.पि.आर. तयार गरिएको छ ।

- ❖ गाउँपालिकामा छोरी बैंक खाता, बहुक्षेत्रीय पोषण कार्यक्रम, विद्यालयमा निःशुल्क स्यानिटरी प्याड वितरण, छात्रवृत्ति, दिवा खाजा लगाएतका कार्यक्रमहरु संचालन भईरहेका छन् भने सेवा गुणस्तरको सम्बन्धमा नियमित अनुगमन भईरहेको छ ।
- ❖ गाउँपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संचालन भै स्थानीय स्रोत साधनको प्रयोग गरी रोजगारी र आम्दानी बढाउन कार्यक्रम संचालन भएको छ ।
- ❖ बहुक्षेत्रीय पोषण कार्यक्रमको माध्यमबाट कपुरकोट गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउने अभियान जारी रहेको छ ।
- ❖ उपाध्यक्षसँग आमादिदिबहिनी कार्यक्रमको माध्यमबाट बालविवाह न्युनिकरण, महिला साक्षरता, सिप विकास तथा महिला सशक्तिकरण कार्यक्रम र चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको छ भने आयआर्जनका क्रियाकलापहरु सञ्चालन हुदैछन् ।
- ❖ स्थानीय पाठ्यक्रम लागु भएको छ भने कपुरकोट गाउँपालिकाको पञ्चवर्षीय शैक्षिक पार्श्वचित्र तयार भएको छ ।
- ❖ गाउँपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना तयार भएको छ ।
- ❖ कपुरकोट गाउँपालिकाको न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण तथा तालिम सम्पन्न गरिएको र यसबाट गाउँपालिका न्यायिक समिति र वडा अध्यक्ष एवम् गाउँसभा सदस्यज्यूहरुको क्षमता अभिवृद्धि भएको छ ।

गाउँसभाका अध्यक्षज्यू,
गाउँसभाका सचिव तथा सम्पुर्ण सदस्यहरु,
२. अब म आ.व. २०८०/८१ को अनुमानित आय-व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

- ❖ आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि ४० करोड ३६ लाख ३० हजार ९ सय रुपैयाँ विनियोजन गरेको छु । कुल विनियोजन रकम मध्ये चालुतर्फ रु. २७ करोड ५४ लाख १० हजार ८०० सय अर्थात ६८.२३ प्रतिशत र पुँजीगततर्फ रु. १२ करोड ८२ लाख २० हजार १०० रुपैयाँ अर्थात ३१.७७ प्रतिशत रहेको छ ।
- ❖ कुल अनुमानित बजेटको स्रोत मध्ये संघीय शसर्त अनुदान पुँजीगतबाट रु. २ करोड ६९ लाख, संघीय राजश्व बाँडफाँडबाट रु. ७ करोड ८३ लाख ५० हजार ९ सय, संघीय शसर्त अनुदान चालुबाट रु. १५ करोड ३३ लाख, संघीय विशेष अनुदानबाट रु. ८५ लाख, संघीय समपुरक अनुदानबाट रु. ८० लाख, संघीय समानीकरण अनुदान रु. ८ करोड १३ लाख गरी कुल रकम रु. ३५ करोड ६३ लाख ५० हजार ९ सय प्राप्त हुने अनुमान गरेको छु । त्यसै गरी कर्णाली प्रदेश सशर्त अनुदान चालुबाट ६३ लाख ५२ हजार, सशर्त अनुदान पुँजीगतबाट १ करोड ४८ लाख १ सय, प्रदेश राजश्व बाँडफाँडबाट ६ लाख ९२ हजार ९ सय, प्रदेशको गत आ.व.को भुक्तानी बाँकी रु. ७६ लाख, प्रदेश समानीकरण अनुदान रु. ८८ लाख ३५ हजार गरी जम्मा रु ३ करोड ८२ लाख ८० हजार र आन्तरिक श्रोतबाट रु. ४५ लाख रुपैयाँ अनुमान गरेको छु र चालु आ.व. को बचतबाट रु. ४५ लाख गरी आगामी आ.व. ०८०/०८१ मा जम्मा आय रु. ४० करोड ३६ लाख ३० हजार ९ सय रहने अनुमान गरेको छु ।

३. **बजेटका विषयगत क्षेत्रहरुः**

क) **आर्थिक विकासः** कृषि तथा पशुपंक्षी, उद्योग, सहकारी र पर्यटन आदि यस समिति अन्तर्गत पर्दछन् । यस क्षेत्रका लागि ३ करोड ३३ लाख ५२ हजार १ सय  अर्थात ८.२६ प्रतिशत प्रस्ताव गरेको छु ।

ख) **सामाजिक विकास क्षेत्रः** स्वास्थ्य तथा आयुर्वेद, शिक्षा युवा, खेलकुद तथा रोजगारी, खानेपानी, सरसफाई र बजार अनुगमन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, कला तथा संस्कृती प्रवर्द्धन आदि यस समिति अन्तर्गत पर्दछन् । यस क्षेत्रका लागि २० करोड १ लाख ९५ हजार अर्थात ४९.६० प्रतिशत प्रस्ताव गरेको छु ।

ग) **पूर्वाधार विकासः** भवन तथा सहरी विकास, सिंचाई, सडक तथा अन्य पूर्वाधार र उर्जा आदि यस समिति अन्तर्गत पर्दछन् । यस क्षेत्रका लागि ७ करोड ४५ लाख ६५ हजार अर्थात १८.४८ प्रतिशत प्रस्ताव गरेको छु ।

घ) **सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रः** भु संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, विपद प्रतिकार्य, खोज उद्धार तथा पुनस्थापना )सेवा प्रवाह, न्याय, शान्ति सुरक्षा, सार्वजनिक सम्पत्ति संरक्षण, सूचना तथा सञ्चार आदि यस समिति अन्तर्गत पर्दछन् । यस क्षेत्रका लागि ८२ लाख ४० हजार अर्थात २.०४ प्रतिशत प्रस्ताव गरेको छु  ।

ङ) **कार्यालय सँचालन तथा व्यवस्थापनः** कार्यालय सञ्चालन तथा व्यवस्थापन आदि यस क्षेत्र अन्तर्गत पर्दछन् । यस क्षेत्रका लागि ८ करोड ७२ लाख ७८ हजार ८ सय अर्थात २१.६२ प्रतिशत  प्रस्ताव गरेको छु  ।

४.**बजेटका प्राथमिकताहरुः**

- ❖ **एकिकृत कृषी विकास कार्यक्रमका** माध्यमबाट तरकारी खेती, पशुपंक्षीपालन, दुग्ध उत्पादन र फलफुल खेतीलाई पूर्ण व्यवसायिकरण गरि उत्पादनमा आधारित अनुदान तथा लागत साझेदारी कार्यक्रम संचालन गर्ने ।
- ❖ उज्यालो कपुरकोट अभियानलाई सार्थक तुल्याउन ग्रामिण विद्युतिकरणका कार्यहरु सम्पन्न गर्ने ।
- ❖ गरीवी निवारण, रोजगारमुलक र स्थानीय कच्चा पदार्थको परिचालन हुने घरेलु उद्योग कार्यक्रमहरुको प्रवर्द्धन गरी रोजगारी वढाउने ।
- ❖ जलस्रोत,स्वच्छ खानेपानीको पहुँच,सडक स्तरोन्नती र सिचाई सुबिधाको विस्तार गर्ने ।
- ❖ विद्यालयको भौतिक पूर्वाधार, खानेपानी, शौचालय घेरवार पुस्तकालय, प्रविधि मैत्रि वातावरण सुधार गर्न आई.सि.टी. ल्याव स्थापना, विद्यालयमा खेलमैदान निर्माण र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई जोड दिने ।
- ❖ महिलाहरुको आर्थिक सशक्तिकरण, अपांग, एकल महिला,ज्येष्ठ नागरिक, दलित, अल्पसंख्यक वर्गको लागि **उपाध्यक्षसंग आमा दिदिवहिनी कार्यक्रमलाई** निरन्तरता दिने ।
- ❖ वडाहरुमा विनियोजन वजेटवाट आधारभुत भौतिक पुर्वाधारहरु साना खानेपानी,सिचाई, सडक स्तरोन्नतीमा प्राथमिकता दिने ।

गाउँसभाका अध्यक्षज्यू,
गाउँसभाका सचिव र गाउँसभा सदस्यहरु,

५. अब म आर्थिक वर्ष २०८०।०८१ को आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्यहरु प्रस्तुत गर्दछु ।

- ❖ नागरिकहरुलाई रहरले कर तिर्ने वातावरण सृजना गराउनु प्रमुख आवश्यकता भएकोले लाभग्राहीको घरआगनबाटै राजश्व संकलन प्रणाली लागु गर्ने ।
- ❖ सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतमराजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गर्ने ।
- ❖ आन्तरिक राजश्व परिचालनमा दिगो बृद्धिदर हासिल गरी स्थानीय वित्तीय प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने ।
- ❖ स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लागानीमैत्री बनाउने ।
- ❖ आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दायराहरु लाई फराकिलो बनाउने ।
- ❖ कृषी लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- ❖ सार्वजनिक जग्गामा वसोवास गरेका व्यक्तिहरुलाई वहाल विटौरी करको दायरामा ल्याउने ।

६.माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि देहायबमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

- ❖ करको दर निर्धारण गर्ने तर कर संकलन कार्यमा उदासिनता देखाउने विगतको परम्परालाई बदल्दै कर संकलन सहजकर्ताको माध्यमबाट आम नागरिकबाट सहज बाताबरणमा राजश्व संकलन गर्ने कार्य अगाडि बढाईनेछ ।
- ❖ करको दरलाई भन्दा दायरालाई विस्तारलाई प्राथमिकता दिईनेछ ।
- ❖ कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार गरी लागु गरिनेछ ।
- ❖ करदाताले तिरेको करको जानकारी दिने गरी एकिकृत कार्ड बनाई निजलाई उपलब्ध गराइने व्यवस्थाको सुरुवात गरिनेछ ।
- ❖ चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिनेछ ।
- ❖ करदाता तथा आम नागरिकका लागि सुचनामूलक एवं सचेतना अभिवृद्धि सम्वन्धी शिक्षा तथा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजस्व परामर्श समिति, विषयगत समितिहरु, गाउँपालिकाका विभिन्न शाखाहरु, गाउँसभाका सदस्यहरु तथा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पुर्ण कर्मचारी, बुद्धिजीवि वर्ग, नागरिक समाज तथा सामुदायिक संघसंस्थाहलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।बजेट तथा कार्यक्रम कार्यान्वयनमा गाउँसभाका सदस्यहरु, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम तथा सम्बद्ध सम्पूर्ण सरोकारवालाहरुबाट रचनात्मक सहयोगको अपेक्षा गर्दै समृद्ध र सुशासनयुक्त कपुरकोट गाउँपालिका निर्माणमा सबैको आ-आफ्नो क्षेत्रबाट योगदान हुने आशा र विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद ।**
प्रकाश भरारी
उपाध्यक्ष,
कपुरकोट गाउँपालिका, सल्यान ।